**२०८० साल भाद्र १८, सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय :** संगठन संरचना र अस्थायी दरबन्दी स्वीकृत गर्ने ।
२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय :** लुम्बिनी प्रदेश योजना आयोगको रिक्त रहेको सदस्य पदमा नियुक्त गर्ने ।
३. **वन तथा वातावरण मन्त्रालय :** दरबन्दी स्वीकृत गर्ने ।
४. **गृह मन्त्रालय :** पदक सिफारिस समितिमा सदस्य मनोनित गर्ने ।
५. लुम्बिनी प्रदेशको तत्कालीन अस्थायी राजधानी रुपन्देहीमा प्रदेश सरकारलाई प्रप्त भएका जग्गा, भवन सहितका सम्पत्तिको विवरण अध्यावधिक गरी हाल मन्त्रालय मातहतका कुन निकायहरु भाडामा सञ्चालनमा रहेका छन् सो को विवरण लिने र उक्त अध्यावधिक विवरण अनुरुप उपयुक्त भवनहरुमा भाडामा रहेका कार्यालय सार्ने व्यवस्था मिलाउनका लागि कार्यदल गठन गर्ने।
६. “उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय मातहतको यातायात व्यवस्था कार्यालय, तुलसीपुर-६ दाङलाई हाल रहेको सामाजिक विकास डिभिजन कार्यालय, तुलसीपुर-६ (तत्कालीन सीप विकास कार्यालय, तुलसीपुर-६ दाङ)को भवनमा स्थानान्तरण गर्ने । सम्बन्धित मन्त्रालयका सचिवहरुले दुवै कार्यालयको सबै प्रकारका सम्पत्तिको अभिलेख र आवश्यक्तानुसार मालसामान तथा उपकरण हस्तान्तरण तथा संरक्षणको व्यवस्था मिलाउने ।”
७. “सामाजिक विकास मन्त्रालय मातहतको सामाजिक विकास डिभिजन कार्यालय, तुलसीपुर-६, दाङलाई शैक्षिक तालिम केन्द्र, तुलसीपुर-१२ को भवनमा स्थानान्तरण गर्ने र सम्पत्तिको हस्तान्तरण तथा संरक्षणको व्यवस्था समेत मिलाउने ।”
८. “कोटहीमाई गाउँपालिका, रुपन्देही; सुनिल स्मृती गाउँपालिका, रोल्पा; गढवा गाउँपालिका, दाङ; समरीमाई गाउँपालिका, रुपन्देही र मालारानी गाउँपालिका, अर्घाखाँचीको प्रदेश लोकसेवा आयोगको विज्ञापन नं. ADM ५०००६/०७९/८० को न्याय सेवा, कानून समूह, सहायक पाचौं तह (अप्राविधिक) को मिति २०८०/०५/१८ मा प्रकाशित सूचना अनुसार पद संख्या ६ (छ) मध्ये ५ (पाँच) पद संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाण्डौले स्वीकृत गरेको दरबन्दी तेरिजमा नरहेकोले पदपूर्ति कार्य नहुन र उक्त दरबन्दी विज्ञापनको एक पद (घोराही उपमहानगरपालिका, दाङको) मात्रै पदपूर्तिको आवश्यक व्यवस्था मिलाउन प्रदेश लोकसेवा आयोग समक्ष अनुरोध गर्ने।